बाह्रदशी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

चकचकी, झापा

कोशी प्रदेश, नेपाल

प.सं. : २०८२/०८३

च.नं. :

नेपाल सम्वत ११४६

## सेवा करारमा कर्मचारी पदपूर्ती गर्ने सम्बन्धी पुन: सूचना

**सूचना नं.:- ६९/०८२-०८३, मिति २०८३/०१/०९**

बाह्रदशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा रिक्त रहेका तपसिलका पदहरुमा प्रचलित कानून बमोजिम खुला प्रतिस्पर्धाद्वारा कर्मचारी सेवा करार मार्फत पदपूर्ति गर्ने प्रयोजनका लागि यस अघि सूचना नं. ५९/०८२-०८३ र विज्ञापन नं. ०७/२०८२-८३ मार्फत मिति २०८२/१२/१२ मा दरखास्त आह्वान गरिएको थियो। उक्त विज्ञापन अनुसार रितपूर्वक आवेदन पेश गर्ने उम्मेदवारहरूको मिति २०८३/०१/०४ गते लिखित परीक्षा सञ्चालन गरिएकोमा, परीक्षामा सहभागी कुनै पनि उम्मेदवार लिखित परीक्षामा उत्तीर्ण हुन नसकेको कारण पुन: सूचना प्रकाशन गरि पदपुर्ती गर्नुपर्ने भएकोले तोकिएको न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले तोकिएको मिति भित्र राजस्व बुझाई सोको रसिद सहित तोकिएको ढाँचामा यस गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा उपस्थित भई वा अनलाईन मार्फत दरखास्त आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि ७(सात) दिन पुन: सूचना प्रकाशित गरिएको छ।

**तपशिल:-**

| क्र. सं. | विज्ञापन नं. | विज्ञापन को किसिम | पद | सेवा/समूह/उपसमूह/तह | माग पद संख्या | परिक्षा दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | १०/२०८२-८३ | खुल्ला | रेडियोग्राफर | रेडियोग्राफर/ स्वास्थ्य/ रेडियोग्राफी/ सहायकस्तर पाचौं | १ (एक) | ५००।०० |

**क. परीक्षा किसिम:-** लिखित, प्रयोगात्मक र अन्तर्वार्ता।(लोकसेवा आयोगद्धारा निर्धारित विधिलाई आधार मानिने)

**ख. परीक्षा मिति:-** अर्को सूचनाद्धारा तय गरिनेछ।

**ग. परीक्षा केन्द्र:-** बाह्रदशी गाउँकार्यपालिकाको कार्यालय,चकचकी झापा।

**घ. दरखास्त दस्तुर बुझाउने विधि र स्थान:** गाउँपालिकाको कार्यालयमा उपस्थित भई वा कुनै पनि बैङ्कमार्फत SuTRA बाट सृर्जित भौचरबाट गाउँपालिकाको देहायको विवरणको आन्तरिक राजस्व खाता वा स्थानीय तह राजश्व पोर्टल मार्फत अनलाईन भुक्तानी गर्न सकिनेछ।

**राजस्व खाताको विवरण:**

- कार्यालय कोड: ८०११२५०५००१
- राजस्व शिर्षक: १४२२४
- राजस्व शिर्षकको नाम: परीक्षा शुल्क
- बैंक खाता नं: ०८३००८७०५००००११३
- खाताको नाम: आन्तरिक राजस्व खाता
- खाता रहेको बैंक: माछापुच्छ्रे बैंक

२०८३/०१/०९

नि. प्रमुख प्रशासकीय अधिकृत

www.bahradashimun.gov.np
bahradashimm@gmail.com

"व्यावसायिक र सिर्जनशील प्रशासन: विकास, समृद्धि र सुशासन"

Scanned with CamScanner

**ङ. दरखास्त दस्तुर बुझाउने अवधि:-** दरखास्त दिन पाउने अन्तिम मिति सम्म।(उक्त दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन)

**च. दरखास्त दिने अन्तिम मिति:** मिति २०८३।०१।१५ गतेसम्म ।

**छ.उम्मेद्धारको उमेरको हद:-** दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ ननाघेको ।

**ज.तलब/पारिश्रमिक:-** प्रचलित नियम बमोजिम हुनेछ ।

**झ.आवश्यक न्यूनतम योग्यता:** स्वास्थ्य सेवातर्फ नेपाल स्वास्थ्य सेवा ऐन,२०५३ को दफा १२ बमोजिम अयोग्य नभएको हुनुका साथै दरखास्त दिने उम्मेदवारहरु दरखास्त दिने अन्तिम मितिसम्ममा अनिवार्य रुपमा सम्बन्धित व्यवसायिक परिषदमा दर्ता भई म्याद कायम रहेको हुनुपर्नेछ ।

**<u>रेडियोग्राफर पदको लागी:</u>**

क. नेपाली नागरिक ।

ख. मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोग्राफिमा प्रमाणपत्र तह उतिर्ण गरेको ।

ग. भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको ।

घ.नैतिक पतन देखिने गरि फौजदारी अभियोगबाट अदालतबाट कसूरदार नठहरिएको ।

**ञ. दरखास्त फाराम पाइने स्थान:-** बाह्रदशी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, चकचकी झापा वा कार्यालयको वेवसाईट www. bahradashimun.gov.np मा गई करार सेवा पदको लागि दरखास्त फाराम डाउनलोड गर्न सकिनेछ ।

**ट. दरखास्त फाराम बुझाउने स्थान:** बाह्रदशी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, चकचकी, झापा वा vacancy.bahradashirm@gmail.com मा बुझाउन सकिनेछ ।

**ठ.दरखास्त फारामसाथ पेश गर्नु पर्ने कागजातहरु:-** आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमका कागजातहरु (१) आफूले दरखास्त दिन चाहेको पद विज्ञापन नं. खुलाई दिएको निवेदन, (२) तोकिएको आवेदन फाराममा विवरण भरी फोटो समेत टाँस गरी १(एक) प्रति, (३) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, (४) तोकिएको न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपि, (५) कार्य अनुभव खुल्ने कागजातहरु ।

**ड.विस्तृत जानकारीको लागि:-** सम्पर्क नं. ९८५२६६५५८८

**<u>द्रष्टव्य:</u>**

(क)कार्यालयद्धारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

(ख)लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको स्थायी प्रमाणपत्र, नागरिकता, सेवाको अनुभव आवश्यक भनी उल्लेख गरिएका कागजातहरुको सक्कल प्रतिका साथै प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

(ग) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ

(घ) पाठ्यक्रम तथा अन्य व्यवस्था: लोकसेवा आयोगद्धारा निर्धारित सम्बन्धित सेवा/समूहको पाठ्यक्रम साथै अन्य प्रचलित कार्यविधि ।

२०८२/०१/०१
प्रमुख प्रशासकिय अधिकृत



Scanned with CamScanner